गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय पर्वत**
कुश्मा ,नेपाल

स्वास्थ्य कार्यालय पर्वतको

# जनस्वास्थ्य बुलेटिन

वर्ष :२ | अंक :८ | महिना :८ | असोज २०८१

## न्यूनतम सेवा मापदण्ड (MSS) को समिक्षा गोष्ठी ८०/८१

मिती: २०८१/०६ /११ र १२ गते स्वास्थ्य कार्यालय पर्वतको आयोजनामा न्यूनतम सेवा मापदण्ड (MSS) को समिक्षा गोष्ठी ८०/८१ स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माको अध्यक्षतामा सम्पन्न भएको छ। कार्यक्रममा जिल्लाका सबै स्थानिय तहका स्वाथ्यका शाखा प्रमुख , MSS फोकल पर्सन, स्वास्थ्य कार्यालय पर्वतका फाँट प्रमुखहरुको उपस्थिति रहेको थियो भने कार्यक्रममा आ.ब ८०/८१ न्यूनतम सेवा मापदण्ड (MSS) समिक्षा , समस्या चुनौती र समाधानमा छलफल भई जिल्ला भारी नै न्यूनतम सेवा मापदण्ड(MSS) मूल्याङ्कनमा एकरूपता ल्याउन मापदण्ड बारे अभिमुखिकरण गरिएको थियो जसको सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि. सी, मादी गाउपालिका कास्किका जनस्वास्थ्य अधिकृत एवम स्वस्थ्य शाखा प्रमुख गोपाल चन्द्र बराल र वान हार्ट वर्ल्ड वाइडका जिल्ला संयोजक कविन्द्र रेग्मीले गर्नु भएको थियो भने सञ्चालन स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य निरीक्षक प्रकाश गौतमले गर्नु भएको थियो।





## न्युनतम सेवा मापदण्ड कार्यक्रम

मिती:२०८१-०६-१५ गते स्वास्थ्य कार्यालय पर्वत र स्वास्थ्य शाखा जलजला गाउँपालिकाको संयुक्त आयोजनामा बाँसखर्क स्वास्थ्य चौकीको एकीकृत स्वास्थ्य कार्यक्रम अनुगमन तथा न्यूनतम् सेवा मापदण्ड कार्यक्रम संम्पन्न भएको छ जसको सहजीकरण जलजला गा.पा स्वास्थ्य शाखा प्रमुख गणेश मल्ल  र स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सि गर्नु भएको थियो। मूल्याङ्कन अंक ६६% रहेको थियो भने सेवा र संस्था सुदृढीकरणको लागि कार्ययोजना बनाइएको थियो।





## प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम

मिति:२०८१/०६/१७ देखि ०६/१९ स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा फलेबास नगरपालीकाको समन्वयमा पाङराङ स्वास्थ्य चौकीमा प्रसूति सेवा प्रदायकहरुको लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धि onsite coaching मेन्टोरिङ कार्यक्रम सम्पन्न भएको छ । जसमा सामान्य प्रसूति , प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन , Pre eclampsia / Eclampsia को व्यवस्थापन , Condom tamponade, Kangaroo mother care, निशासिएको नवशिशुको व्यवस्थापन, recording reporting , infection prevention जस्ता विषयमा ज्ञान् सिपको बिकास गरिएको थियो । On-site coaching मा सहभागी ३ जना सेवा प्रदायकहरुलाई प्रशिक्षण मेन्टर दुर्गा सापकोटा ( सि.अ.न.मी अधिकृत ,कुश्मा नगरपालिका स्वास्थ्य शाखा ) र सरस्वती बराल ( वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक, पर्वत अस्पताल ) हरुले गर्नु भएको थियो । Onsite coaching को तेश्रो दिन बर्थिङ सेन्टरको गुणस्तर सुधार अनुगमन ( QIP) गरी सुधारको लागि बैठक स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष रुद्र बहादुर पाठकको अधक्ष्यतामा , फलेबास नगरपालीका उपप्रमुख शोभा कुमारी क्षेत्रीको प्रमूख आतिथ्यामा र स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत अन्जली पि सीको संचालनमा सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य चौकी व्यवस्थापन समिती, स्वास्थ्य शाखामा कार्यरत प.हे.न बिन्दु गौतम ,संस्थाका कर्मचारी गरी २० जनाको उपस्थिती रहेको थियो भने सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो ।








## नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी

स्वास्थ्य कार्यालय पर्वतको आयोजना र स्वास्थ्य शाखा विहादी गाउँपालिकाको समन्वयमा मिति २०८१/६/१३ र १४ गते नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनको समिक्षा तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी सम्पन्न भएको छ। विहादी गाँउपालिकाका अध्यक्ष श्री परविन गुरुङ ज्यूको अध्यक्षता र उपाध्यक्ष श्री मिना शर्मा तिवारीको आथीत्यता एवं वार्ड अध्यक्षहरुको उपस्थितिमा सञ्चालन भएको सो कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत श्री हरि प्रसाद भुसाल, पैंयू गाउँ पालिका स्वास्थ्य शाखा प्रमुख देवी भुर्तेल र खोप कार्यक्रमका फोकल व्यक्ति तथा परिवार नियोजन सुपर भाईजर निरिक्षक श्री नारायण प्रसाद रेग्मीले सहजीकरण गर्नु भएको थियो।उक्त कार्यक्रममा विहादी गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य संस्था बाट स्वास्थ्य संस्था प्रमुख र खोप लगाउने स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो ।

त्यसै गरी मिति २०८१/६/१५ र १६ गते पैयुँ गाँउपालिकामा स्वास्थ्य कार्यालय पर्वतको आयोजना र सोही गाउँ पालिकाको समन्वयमा २ दिने नियमित खोप कार्यक्रमको समीक्षा तथा सुक्ष्म योजना अद्यावधिक गोष्ठी पैयुँगाउँपलिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरीको अध्यक्षता , उपाध्यक्ष श्री याम कुमारी राना, सामाजिक बिकास समिती संयोजक टुकलाल न्यौपाने, कार्यपालिका सदस्यको उपस्थिती र स्वास्थ्य संस्था प्रमुख, मेडिकल अधिकृत, खोप दिने स्वास्थ्यकर्मी, कोल्ड चेन फोकल पर्सनको सहभगितामा कार्यक्रम सन्चालन भएको थियो। कार्यक्रममा सहजीकरण बिहादी गाउँ पालिकाका स्वास्थ्य शाखा प्रमुख हरी प्रसाद भुसाल, पैयुँ गाँउपालिकाका स्वास्थ्य शाखा प्रमुख देवी प्रसाद भुर्तेल स्वास्थ्य कार्यालयका खोप फोकल पर्सन एवं परिवार नियोजन सुपर भाईजर निरिक्षक श्री नारायण प्रसाद रेग्मीले गर्नु भएको थियो ।










## मासिक भर्चुअल सेसन भाग ६

स्वास्थ्य कार्यालय पर्वत द्वारा शुन्य लागतमा शुरु भएको मासिक भर्चुअल सेसन भाग ६ अन्तर्गत २०८१ असोज महिनाको सेसन "MSS orientation to Health facilities in charges " शिर्षकमा सम्पन्न भएको छ । उक्त सेसनको संचालन स्वास्थ्य कार्यालय पर्वतका प्रमूख प्रविण शर्माले गर्नु भएको थियो भने सहजीकरण स्वास्थ्य कार्यालय पर्वतका जनस्वास्थ्य अधिकृत अन्जली पि सिले गर्नु भएको थियो । २ घन्टा भन्दा लामो सेसनमा जिल्लाका विभिन्न स्वास्थ्य संस्था बाट जुम आइडी मार्फत करिव ६० जना भन्दा बढी स्वाथ्यकर्मीहरुको सहभागिता रहेको थियो ।



## लामखुट्टेको वासस्थान खोजौं र नष्ट गरौं" अभियान

जिल्ला प्रशासन कार्यालय पर्वत तथा स्वास्थ्य कार्यालय पर्वतको आयोजना तथा जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालयको समन्वयमा संविधान दिवस बिशेषमा लाम्खुट्टेको लार्भा तथा वासस्थान खोज र नस्ट गर अभियान संचालन भएको छ। २०८१ श्रावण यता हाल सम्म पर्वत जिल्लामा ११९४ जनामा डेंगु संक्रमण पुष्टी भएको छ साथै जिल्ला स्थित विभिन्न स्थानीय तहको सहकार्यमा लाम्खुट्टेको लार्भा तथा वासस्थान खोज र नस्ट गर अभियानका केहि तस्बिरहरु।






















## विश्व अल्जाइमर दिवस बिशेष

मिति २०८१/६/५ गते हरेक वर्ष सेप्टेम्बर २१ मा मनाईने विश्व अल्जाईमर दिवसको अवसरमा जेष्ठ नागरिक जिल्ला संघ पर्वतको आयोजना तथा स्वास्थ्य कार्यालय पर्वत र पर्वत अस्पतालको व्यबस्थपनमा ३१ औ विश्व अल्जाइमर दिवसमा अल्जाइमर सम्बन्धि सचेतना कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण पर्वत अस्पतालका डा. मिलन अवाले तथा स्वास्थ्य कार्यालय प्रमुख प्रविण शर्माले गर्नु भएको थियो भने कार्यक्रम संचालन स्वास्थ्य कार्यालयका नारायण रेग्मीले गर्नुभएको थियो।





# स्थानीय तह विशेष

## “हरेक महिना एक स्वास्थ्यकर्मी , एक स्वाथ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम












## नियमित पालिका स्तरीय मासिक बैठक









TOILET
पुरुष
महिला










शुभकामना
देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा
दशैं, तिहार र छठ पर्वको हार्दिक शुभकामना !
नसर्ने रोगहरुको जोखिम कम गर्न स्वस्थकर व्यवहार गरौं।
सूर्ति जन्य पदार्थ तथा मदिरा सेवन नगरौं। उचाई अनुसार शरीरको तौल कायम गरौं।
स्वस्थ तौल कायम राख्न र शरीरको मोटोपना घटाउन नियमित व्यायाम गरौं।
चिल्लो, गुलियो, नुनिलो कमखाने गरौं। दैनिक ५ ग्राम भन्दा कम नुन खाने गरौं।
मानसिक तनाव नलिऔं र रिसाउने बानी पनि नगरौं।
अन्न, दाल, गेडागुडी, दूध, माछा, बोसो नभएको मासु, अण्डासहितको सन्तुलित खाना र हरियो सागसब्जी, फलफूल प्रशस्त मात्रामा खाने गरौं।
कोल्ड ड्रिङ्क्स, गुलिया पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खाने कुराहर सकभर नखाऔं।
स्वास्थ्य कार्यालय
पर्वत


कार्तिक २ र ३ गते देशैभर
भिटामिन ए क्याप्सुलसँगै जुकाको औषधी खुवाऔं!
राष्ट्रिय पोषण कार्यक्रम अन्तर्गत कार्तिक २ र ३ गते
६ महिना देखि ५ वर्ष मुनिका बालबालिकालाई भिटामिन ए क्याप्सुल तथा
१ वर्ष देखि ५ वर्ष मुनिका बालबालिकालाई जुकाको औषधी खुवाऔं ।
साथै १५ महिनासम्म लगाउनु पर्ने कुनै नियमित खोप छुटेको छ भने ५ वर्ष मुनिका बालबालिकालाई नजिकैको स्वास्थ्य संस्थामा छुटेको खोप लगाऔं ।
थप जानकारीका लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, तथा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस् ।
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## कुश्मा नगरपलिका

१. eHMIS software संचालनका लागि आवश्यका laptop संबन्धित स्वास्थ्य संस्थालाई हस्तान्तरण गरी सम्पुर्ण स्वास्थ्य संस्था बाट eHMIS प्रणाली संचालन गरीएको।

२. परिवार योजना दिवस मनाइएको।

३. डेंगी रोग नियन्ण तथा रोकथामका लागि लामखुट्टेको वासस्थान खोज र नष्ट गर अभियान निरन्तर संचालन गरीएको साथै विद्यालय शिक्षा र आमा समुह परीचालन गरिएको।

४. आत्महत्या न्युनिकरणका लागि विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा प्रदान गरीएको।

५. नसर्ने रोगको पहिचान तथा निदान कार्यक्रम नियमित संचालन गरिएको।

## फलेबास नगरपलिका

१. नियमित मासिक समिक्षा बैठक तथा भाद्र महिनाको data verification।

२. फलेवास नगर पालिका वडा नं ६ देविस्थानमा डेङ्गु नियन्त्रणको लागि अभिमुखिकरण लामखुट्टे लार्भा खोज र नष्ट गर अभियान संचालन।

३. स्वास्थ्य आमा समूहको वैठक तथा स्वास्थ्य शिक्षा संचालन।

४. स्वास्थ्य कार्यालयको आयोजना र पालिकाको समन्वयमा पाङराङ स्वास्थ्य चौकीमा सेवा प्रदायकहरुको लागि मातृ तथा नवजात शिशु स्वास्थ्य सम्बन्धि अनसाइड कोचिड सम्पन्न।

५. स्वस्थ्य संस्थाहरूले परिवार योजना दिवस सम्वन्धी समुदाय स्तरमा स्वास्थ्य शिक्षा र आत्म हत्या न्यूनीकरण सम्वन्धी विद्यालय स्वास्थ्य शिक्षा प्रदान।

## मोदी गाउँपालिका

१. कोभिड-१९ विरुद्वको खोप अभियान असोज २०-२२ सम्पन्न। अभियानमा मोदी गाउँपालिकाका १२ बर्ष उमेर माथिका ३६७४ जना मानिसहरुलाई कोभिड-१९ विरुद्वको Pfizer-BioNTech COVID-19 Vaccine लगाईएको।

२. नियमित खोप कार्यक्रम संचालनका लागि गाउँपालिकामा Vaccine Sub Centre को स्थापना तथा संचालन।

३. डेंगु रोगसम्बन्धि बिद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा तथा सचेतनामुलक कार्यक्रमहरु संचालन,

४. पालिका स्तरीय १० शैयाको आधारभूत अस्पताल स्थापनाका लागि बिभिन्न मितिमा कार्यपालिका बैठकमा छलफल तथा समन्वय, अस्पताल स्थापना तथा संचालन सम्बन्धि सिकाई अनुभव हासिल गर्ने उद्देश्यले स्थानीय तहहरुले संचालन गरेका बिभिन्न अस्पतालहरु (गल्कोट अस्पताल, आबुखैरेनी अस्पताल, कालिगण्डकी अस्पताल) को अध्ययन तथा अवलोकन

५. स्वास्थ्य संस्थाहरुलाई नियमित रुपमा औषधि तथा अत्यावश्यक सामाग्रीहरुको वितरण,

६. राम्जा तिलाहार स्वास्थ्य चौकीमा न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षा तथा फलो अप सम्पन्न।

## जलजला गाउँपालिका

१. जलजला गाउँपालिका द्वारा संचालित आ।व २०८१।०८२ ज्येष्ठ नागरिक सेवा तथा नसर्ने रोग परिक्षण शिविर।

२. भाद्र महिनाको नियमित तथ्याङकको गुणस्तर वृधिका लागी स्वास्थ्य संस्थाहरुको मासिक बैठक तथा डाटा भेरिभिकेशन तथा भ्यालिडेसन कार्यक्रम।

३. परिवार योजना दिवस विभिन्न कार्यक्रम गरि सम्मपन्न।

४. स्वास्थ्य कार्यालय पर्वत को समन्वयमा डेंगु रोग रोकथाम तथा नियन्त्रणका लागि पालिका स्तरिय अभिमुखिकरण कार्यक्रम तथा खोजे र नष्ट गरौ अभियान साथै कार्ययोजना निर्माण सम्पन्न भएको छ।

५. वाँसखर्क स्वास्थ्य चौकीमा MSS तेस्रो मुल्यानङकन सम्पन्न।

## महाशिला गाउँपालिका

१. ग्रामीण भिडियो एक्स रे सेवा संचालन।

२. बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।

३. मासिक वैठक तथा उत्कृष्ठ स्वास्थ्य संस्था पुरस्कृत।

४. आमा समूहको वैठक तथा स्वास्थ्य शिक्षा संचालन।

## बिहादी गाउँपालिका

१. नियमित मासिक समिक्षा बैठक तथा भाद्र महिनाको data verification।

२. पोषण कार्यक्रमको पालिका स्तरीय समिक्षा तथा योजना गोष्ठी सम्पन्न।

३. ३.सबै स्वस्थ्य संस्थाहरूले परिवार योजना दिवस सम्वन्धी समुदाय स्तरमा स्वास्थ्य शिक्षा र आत्म हत्या न्यूनीकरण सम्वन्धी विद्यालय स्वास्थ्य शिक्षा प्रदान।

४. स्वास्थ्य कार्यालयको आयोजना र पालिकाको समन्वयमा नियमित खोप कार्यक्रम तथा सरसफाई प्रवर्द्धनका समिक्षा तथा सुक्ष्म योजना अध्यावधिक गोष्ठी सम्पन्न।

५. डेङ्गु नियन्त्रणको लागि लामखुट्टे लार्भा खोज र नष्ट गर अभियान संचालन।

## पैयु गाउँपालिका

१. विद्यालयहरूमा Dengue रोग सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान।

२. आत्महत्या न्यूनिकरणका लागी विद्यालयहरूमा र समुदाय स्तरमा स्वास्थ्य शिक्षा प्रदान।

३. मासिक समिक्षा बैठक तथा उत्कृष्ट स्वास्थ्य संस्था पुरस्कृत।

४. खोप कार्यक्रमको सुक्ष्म योजना तथा योजना तर्जुमा गोष्ठी सम्पन्न।

५. कोभिड विरूध्दको खोप अभियान सम्पन्न।